पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३५८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः- ०७५/७६
चलानी नं.:- ८१
प्राप्त पत्र संख्या र मितिः-

मितिः२०७५/०५/०८

श्री जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनि लि.
कोटेश्वर ।
श्री वन तथा भू-संरक्षण विभाग
(साविक वन विभाग र भू तथा जलाधार संरक्षण विभाग), बबरमहल ।
श्री वातावरण विभाग, कुपण्डोल ।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र .
(साविक वन अनुसन्धान तथा सर्वेक्षण विभाग र केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र), बबरमहल ।
श्री वनस्पति विभाग, थापाथली ।
श्री रेड कार्यान्वयन केन्द्र, बबरमहल ।
श्री राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार ।
श्री पहाडी साना किसानका लागि अनुकूलन आयोजना, हात्तिसार ।
श्री साविक पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय ।
श्री साविक मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।
श्री साविक पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।
श्री साविक मध्यपश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।
श्री साविक सुदुरपश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।
श्री वन पैदावार विकास समिति, बबरमहल ।
श्री राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार ।
श्री द टिम्बर कर्पोरेशन अफ नेपाल, बबरमहल ।
श्री जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनि लि., कोटेश्वर ।

**विषयः खारेज वा हस्तान्तरण वा गाभिएका कार्यालयहरुको लेखापरीक्षण तथा बेरुजू व्यवस्थापन।**

प्रस्तुत विषयमा, महालेखा परिक्षकको कार्यालयको चलानी नं. ७६ मितिः२०७५/०५/०५ को पत्रबाट "प्रशासननिक पुनसंरचना गर्दा खारेज भएका वा गाभिएका वा अन्य तहमा हस्तान्तरण भएका कार्यालयहरुको लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धमा मिति २०७५ भाद्र ३ गते माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयको सचिव, महालेखा नियन्त्रक, विभागीय प्रमुख र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको छलफल तथा अन्तरक्रियाबाट देहाय

बमोजिम गर्ने गराउने निर्णय भएकोले जानकारी तथा आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ" भनि लेखिआएकोले सो अनुसार गर्न/गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

निर्णयहरु:

१. हाल महालेखापरीक्षकको कार्यालयबाट स्थलगत रुपमा लेखापरीक्षण टोली खटिएका २९ जिल्ला र काठमाडौं उपत्यकाको लेखापरीक्षण सोही स्थानमा जिम्मेवार व्यक्तिको उपस्थितिमा सम्पन्न गर्ने व्यवस्था सम्बन्धित विभागीय प्रमुखहरु वा लेखाउत्तरदायी अधिकृतहरुले मिलाउने । कुनै कारणवश सम्बन्धित जिल्लामा स्थलगत लेखापरीक्षण टोलीबाट लेखापरीक्षण गराउन सम्भव नभएमा सम्बन्धित विभाग वा मन्त्रालयमा स्रेस्ता कागजात झिकाई लेखापरीक्षण गराउने व्यवस्था गर्ने ।

२. महालेखा परीक्षकको कार्यालयबाट आगामी मंसिर र पौष महिनामा दोस्रो र तेस्रो चरण अन्तर्गत स्थलगत रुपमा लेखापरीक्षणका लागि टोली खटाइने ४५ जिल्ला र काठमाडौं उपत्यकास्थित खारेज भएका वा प्रदेश र स्थानीयतहमा हस्तान्तरण वा परिणत भएका कार्यालयहरुको हकमा सम्बन्धित विभाग वा मन्त्रालयमा स्रेस्ता कागजात झिकाई लेखापरीक्षण गराउने व्यवस्था गर्ने । यदि स्थलगत लेखापरीक्षणको कार्यतालिकाबमोजिम सोही स्थानमा जिम्मेवार व्यक्तिको उपस्थितिमा लेखापरीक्षण गराउन सकिने भएमा सोही समयमा स्थलगतरुपमा नै लेखापरीक्षण गराउने ।

३. खारेज भएका र प्रदेश तथा स्थानीयतहमा हस्तान्तरण वा परिणत भएका कार्यालयको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन साविक कार्यालयको विभागीय प्रमुख वा लेखाउत्तरदायी अधिकृत (सचिव) लाई दिने व्यवस्था मिलाइनेछ । यसरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त गर्ने विभागीय प्रमुख वा लेखा उत्तरदायी अधिकृतले सम्भव भएसम्म साविकको जिम्मेवार व्यक्तिबाट वा आफैंले लेखापरीक्षण व्यहोराको प्रतिक्रिया समय (प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र) मै दिने व्यवस्था मिलाउने ।

४. संघीय मन्त्रालय, विभाग वा कार्यालयहरु गाभिएर नयाँ मन्त्रालय वा निकाय कायम भएको अवस्थामा स्रेस्ता तथा कागजात त्यस्तो कायम नयाँ संघीय निकायमा लेखापरीक्षण गराउने व्यवस्था मिलाउने । सो निकायमा लेखापरीक्षण भएपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धित संघिय निकायलाई दिइनेछ । यस्तो प्रतिवेदन प्राप्त भएपछि सोको प्रतिक्रिया सम्बन्धित निकाय वा सम्बन्धित विभाग वा मन्त्रालयमार्फत् समयभित्रै पठाउने व्यवस्था मिलाउने ।

५. विद्यमान आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिमको उत्तरदायित्वको श्रृंखला अन्तर्गत लेखाउत्तरदायी अधिकृत, विभागीय प्रमुख र जिम्मेवार व्यक्ति (कार्यालय प्रमुख) रहने भएकोले खारेज भएका, गाभिएका, प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका सबै

कार्यालयको विगत वर्षदेखिको बेरुजु तथा यस वर्ष कायम हुने संघीय कार्यालयको बेरुजु उपर प्रतिक्रिया दिने, फछ्र्यौट गराउने, लगत राख्ने जिम्मेवारी, सम्बन्धित लेखाउत्तरदायी अधिकृत तथा विभागीय प्रमुखको हुने भएकोले सोही बमोजिम गर्नु गराउनुहुने ।

६. लेखापरीक्षण गराउने सम्बन्धमा जनशक्तिलगायतको अन्य कुनै व्यवस्था आवश्यक भएमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, र महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गर्ने ।

(चन्द्र मान श्रेष्ठ)
सहसचिव

बोधार्थः
महालेखा परीक्षकको कार्यालय, पुल्चोक

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः- ०७५।७६
चलानी नं.:- ६३
प्राप्त पत्र संख्या र मितिः-

मितीः २०७५/०५/१२

श्री वन तथा भू संरक्षण विभाग
(साविक वन विभाग र भू तथा जलाधार संरक्षण विभाग) बबरमहल ।
श्री वातावरण विभाग कुपण्डोल ।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बबरमहल ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
(साविक वन अनुसन्धान तथा सर्वेक्षण विभाग र केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र) बबरमहल ।
श्री वनस्पति विभाग थापाथली ।
श्री रेड कार्यान्वयन केन्द्र बबरमहल ।
श्री राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति खुमलटार ।
श्री पहाडी साना किसानका लागि अनुकूलन आयोजना हात्तिसार ।
श्री साविक पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय धनकुटा ।
श्री साविक मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय काठमाडौं ।
श्री साविक पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय कास्की ।
श्री साविक मध्यपश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय सुर्खेत ।
श्री साविक सुदुरपश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय दिपायल ।
श्री वन पैदावार विकास समिति बबरमहल ।
श्री राष्ट्रिय प्रकृति संरक्षण कोष खुमलटार ।
श्री द टिम्बर कर्पोरेशन अफ नेपाल बबरमहल ।
श्री जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनि लि. कोटेश्वर ।

विषयः खारेज वा हस्तान्तरण वा गाभिएका कार्यालयहरुको श्रेस्ता, लेखापरिक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धमा।

प्रस्तुत विषयको यस मन्त्रालयको प.सं. २०७५/७९ च.नं. ६८ को पत्र प्राप्त भएकै छ । निर्णय नं. १ देखि ६ सम्मको व्यहोरा पत्रमा उल्लेख भएबमोजिम गर्नु गराउनु हुनेछ । आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिमको उत्तरदायित्वको श्रृंखला अन्तर्गत लेखा उत्तरदायी अधिकृत, विभागिय प्रमुख र जिम्मेवार व्यक्ति (कार्यालय प्रमुख) रहने भएकोले खारेज भएका, गाभिएका, संघ मातहत रहेका, प्रदेश तथा स्थानिय तहमा हस्तान्तरण भएका सबै कार्यालयको विगत वर्षदेखिको बेरुजु तथा यस वर्ष कायम हुने संघीय कार्यालयको बेरुजु उपर प्रतिक्रिया दिने, फछ्र्यौट गराउने, लगत राख्ने, पुरानो श्रेस्ता बुझिलिने समेतको जिम्मेवारी वहन गर्नको लागि यस मन्त्रालय र मातहत निकायहरुका लागि देहाय अनुसार तोकिएको व्यहोरा मिति २०७५/०५/०६ को सचिव स्तरीय निर्णय अनुसार अनुरोध गर्दछु ।

बोधार्थः
महालेखा परीक्षकको कार्यालय, पुल्चोक
महालेखा नियन्त्रक कार्यालय, अनामनगर

लक्ष्मण प्रसाद खनाल
उपसचिव (लेखा)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

| सि.नं. | साविकको कार्यालय | नयाँ कार्यालय | मातहत कार्यालय | श्रेस्ता बुझ्ने/ बेरुजु बुझ्ने/ लेखापरीक्षण गराउने, बेरुजुको जवाफ दिने र फर्छ्यौट गर्ने गराउने जिम्मेवारी वहन गर्ने हालको कार्यालयहरु |
|---|---|---|---|---|
| १ | जनसंख्या तथा वातावरण मन्त्रालय | वन तथा वातावरण मन्त्रालय | संघ मातहत | वन तथा वातावरण मन्त्रालय |
| २ | वन तथा भूसंरक्षण मन्त्रालय | | | |
| ३ | | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश मातहत | नया |
| ४ | जिल्ला वन कार्यालय - ७४ | डिभिजन वन कार्यालय -८४ | प्रदेश मातहत | बन तथा भूसंरक्षण विभाग |
| ५ | श्रेत्रिय वन निर्देशनालय - ५ | प्रदेश वन निर्देशनालय-७ | प्रदेश मातहत | वन तथा वातावरण मन्त्रालय |
| ६ | क्षेत्रिय वन तालिम केन्द्र - ५ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र - ७ | प्रदेश मातहत | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| ७ | जिल्ला भूसंरक्षण कार्यालय - ६१ | भू तथा जलाधार व्यवस्थापन कार्यालय -१४ | प्रदेश मातहत | बन तथा भुसंरक्षण विभाग |
| ८ | जिल्ला वनस्पति कार्यालय - ७ | जिल्ला वनस्पति कार्यालय - ७ | संघ मातहत | जिल्ला वनस्पति कार्यालयहरु साविक अनुशार |
| ९ | भू तथा जलाधार संरक्षण विभाग | वन तथा भूसंरक्षण विभाग | संघ मातहत | वन तथा भूसंरक्षण विभाग |
| १० | वन विभाग | | | |
| ११ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | संघ मातहत | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| १२ | केन्द्रिय वन तालिम केन्द्र | | | |
| १३ | वातावरण विभाग | वातावरण विभाग | संघ मातहत | वातावरण विभाग |
| १४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | संघ मातहत | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| १५ | वनस्पति विभाग | वनस्पति विभाग | संघ मातहत | वनस्पति विभाग |
| १६ | राष्ट्रिय हर्बोरियम तथा वनस्पति प्रयोगशाला | राष्ट्रिय हर्बोरियम तथा वनस्पति प्रयोगशाला | संघ मातहत | वनस्पति विभाग मातहत रहेको र साविक अनुशार हुने |
| १६ | राष्ट्रिय वनस्पति उद्यान केन्द्र | राष्ट्रिय वनस्पति उद्यान केन्द्र | संघ मातहत | वनस्पति विभाग मातहत रहेको र साविक अनुशार हुने |
| १७ | प्राकृतिक सम्पदा अनुसन्धानशाला | प्राकृतिक सम्पदा अनुसन्धानशाला | संघ मातहत | वनस्पति विभाग मातहत रहेको र साविक अनुशार हुने |
| १८ | वनस्पति अनुसन्धान केन्द्र-७ (कैलाली, सल्यान, जुम्ला, बाके, मकवानपुर, धनुषा, इलाम) | वनस्पति अनुसन्धान केन्द्र-७ (कैलाली, सल्यान, जुम्ला, बाके, मकवानपुर, धनुषा, इलाम) | संघ मातहत | वनस्पति विभाग मातहत रहेको र साविक अनुशार हुने |
| १९ | सामुदायिक वन अध्ययन केन्द्र | सामुदायिक वन अध्ययन केन्द्र | संघ मातहत | बन तथा भूसंरक्षण विभाग मातहत र साविक अनुशार हुने |
| २० | समरजंग वन अड्डा | समरजंग वन अड्डा | संघ मातहत | बन तथा भूसंरक्षण विभाग मातहत र साविक अनुशार हुने |
| २१ | संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र/कुलेखानी | संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र/कुलेखानी | संघ मातहत | बन तथा भूसंरक्षण विभाग मातहत र साविक अनुशार हुने |
| २२ | वृहत जलाधार व्यवस्थापन केन्द्र (कोशी, गण्डकी, कर्णाली, महाकाली) | वृहत जलाधार व्यवस्थापन केन्द्र (कोशी, गण्डकी, कर्णाली, महाकाली) | संघ मातहत | बन तथा भूसंरक्षण विभाग मातहत र साविक अनुशार हुने |
| २३ | वन्यजन्तु उद्दार तथा उपचार केन्द्र (चितवन, बर्दिया, कोशिटप्पु, अन्नपुर्ण, राष्ट्रिय प्राणी उद्यान-सूर्यविनायक) | वन्यजन्तु उद्दार तथा उपचार केन्द्र (चितवन, बर्दिया, कोशिटप्पु, अन्नपुर्ण, राष्ट्रिय प्राणी उद्यान-सूर्यविनायक) | संघ मातहत | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मातहत र साविक अनुशार हुने |

२०७५/०४/०६

चन्द्र मान श्रेष्ठ
सह-सचिव

डा. विश्वनाथ ओली
सचिव